मकवानपुरगढी गाउँपालिका
Makawanpurgadhi Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive
मक्राञ्चुली, मकवानपुर
Makranchuli, Makawanpur

email: makawanpurgadhi.rmc@gmail.com
Website: makawanpurgadhimun.gov.np
Contact no. : 9845461080 (Chairperson)
Contact no.: 9855088966 (CAO)
बागमती प्रदेश, नेपाल
Bagamati Province , Nepal

पत्र संख्या (Ref. No.) : २०८३/८४
चलानी नं. (Dispatch no.) :

रैथाने बाली उत्पादक तथा खरिदकर्ता सूचीकृत हुने सम्बन्धी सूचना।

(प्रथम पटक सूचना प्रकाशन मितिः २०८३/०७/१८)

प्रस्तुत विषयमा यस गाउँपालिकाको आ.व. २०८३/८४ को स्वीकृत वार्षिक कार्यक्रमअनुसार आन्तरिक कृषि विकास कार्यक्रमतर्फ रैथाने बालि प्रवर्द्धन कार्यक्रम अन्तर्गत **"रैथानेबाली उत्पादनमा आधारित प्रोत्साहन अनुदान (कोदो, धानकोदो, फापर, धानकोदो, जुनेलो, कालो सिमि, सेतो सिमि)"** सञ्चालन गर्न यस गाउँपालिकाभित्र बाली उत्पादनमा संलग्न उत्पादक कृषक, कृषक समूह/सहकारी, कृषि फर्म/कम्पनी तथा उत्पादित रैथानेबाली खरिद बिक्री गर्न इच्छुक कृषक समूह/सहकारी संस्थाहरूले यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र आवश्यक कागजात सहित गाउँपालिकामा सूचीकृत हुनका लागि यो सूचना प्रकाशन गरिएको छ।

शर्तहरूः

१) कार्यक्रममा सहभागी हुन उत्पादक र खरिदकर्ता अनिवार्य रूपमा गाउँपालिकाको कार्यालयमा सूचीकृत भएको हुनुपर्नेछ।

२) खरिदकर्ताले नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय सरकारले निर्धारण गरेको न्यूनतम समर्थन मूल्यमा रैथानेबाली खरिद गर्नुपर्नेछ।

३) उत्पादित रैथानेबाली गाउँपालिकाले तोके अनुसारको गुणस्तरको हुनुपर्नेछ।

४) उत्पादकबाट रैथानेबाली खरिदका लागि आवश्यक बजेटको व्यवस्था खरिदकर्ता (कृषक समूह/सहकारी संस्था) स्वयंले गर्नुपर्नेछ।

५) रैथानेबाली (कोदो, फापर, धानकोदो, जुनेलो, कालो सिमि, सेतो सिमि) को हकमा प्रति केजी रु. १०/— (दश) रुपैयाँ प्रोत्साहन अनुदान उपलब्ध गराइनेछ। जसमध्ये उत्पादकलाई प्रति केजी रु. ६ (छ) र खरिदकर्तालाई प्रति केजी रु. ४ (चार) का दरले गाउँपालिकाबाट प्रोत्साहन अनुदान रकम उपलब्ध गराइनेछ।

आवश्यक कागजातहरूः

१. निवेदन,
२. उत्पादक कृषकको हकमा नागरिकताको प्रतिलिपि, किसान परिचय पत्र नं., जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि, जमिन भाडामा लिई खेती गर्नेको हकमा करार सम्झौता, ऐलानी जग्गाको हकमा वडा कार्यालयबाट प्रमाणित गरेको कागजात,
३. उत्पादक कृषक समूह/सहकारी संस्था, कृषि फर्म/कम्पनीको हकमा नागरिकता प्रमाणपत्र, जग्गाधनी प्रमाणपत्र, संस्था दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर, करचुक्ता प्रमाणपत्रको प्रतिलिपि, जमिन भाडामा लिई खेती गर्नेको हकमा करार सम्झौता, ऐलानी जग्गाको हकमा वडा कार्यालयबाट प्रमाणित गरेको कागजात,
४. कृषक समूह/सहकारी संस्थाको हकमा बैठकको निर्णयको प्रतिलिपि, स्थायी लेखा नम्बर, करचुक्ता प्रमाणपत्रको प्रतिलिपि, संस्था नविकरण प्रतिलिपि,
५. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।

.....
सुरेन्द्र गौतम
प्रमुख प्रशासकीय अधिकृत
सुरेन्द्र गौतम
प्रमुख प्रशासकीय अधिकृत